# हस्तान्तरण गर्नु !

MentorLink
INTERNATIONAL
www.mentorlink.org

## खण्ड १ - ख्रीष्ट - सदृश अगुवाहरु विकास गर्ने
## आवश्यकता : मण्डलीको गम्भीर खाँचो

**हाम्रो मिसन :** येशूले जस्तै अगुवाइ गर्ने अगुवाहरुको विकास गर्नु ।
**हाम्रो दर्शन :** विश्वास गर्ने प्रत्येक समुदायको लागि प्रभावशाली अगुवाहरु अनि हरेक अगुवाको निम्ति ख्रीष्ट-सदृश प्रभावकारी मेन्टोर




- **येशू जस्तै अगुवाइ गर्ने - नेतृत्वको विकास (भित्रपट्टि-बाहिर)**
  - ✓ दासत्वको बोलावट
  - ✓ हृदयमा केन्द्रित चरित्र

- **परिणाम-परमेश्वरको राज्यको अभियानको निम्ति राज्यका अगुवाहरुको वृद्धि**
  - ✓ अगुवाहरुको संख्या
  - ✓ अगुवाहरुको गुण

स्वागत छ यस आमूल परिवर्तनकारी भेटघाट कार्यक्रममा, हामी परमेश्वरलाई बिन्ती चढाइरहेका छौं कि यी दिनहरुमा हामी सबै सँगै अगाडि बढ्नलाई उहाँले प्रशस्तसँग आशिष दिनुभएको होस् । यस भेटमा तपाईंको सानो समूहको भूमिका पनि महत्वपूर्ण हुनेछ किनकि तपाईंले पनि हामीसँगै आशिष बाँड्ने, छलफल गर्ने, अध्ययन तथा प्रार्थना गर्ने मौका पाउनुहुनेछ ।

१.तपाईंको जीवनमा यस्तो कुनै आत्मिक रुपमा महत्वपूर्ण व्यक्ति भेट्नुभएको छ ? तिनीहरुलाई कसरी वर्णन गर्नुहुन्छ ? तिनीहरुसँग कस्तो छाप पाउनुभयो ?

२.यस तालिम सत्रमा रहँदा तपाईंले के कुराको अनुभव गर्ने अपेक्षा गर्नुभएको छ ?

### मेन्टोरि· के हो ?

## बाइबलीय मेन्टोरिङ्ग :

तलका पदहरु पढेर केही समय मनन गर्नुहोस् ।

- यूहन्ना १३:५-१५
- यूहन्ना १५: १३ -१६
- प्रेरित ११:२१-२६
- प्रेरित १८:२४-२७
- २ तिमोथी ३:१०-१५
- २ तिमोथी २:१ -२

धर्मशास्त्रमा उल्लेख भएका मेन्टोरिङ्ग सम्बन्धी यी भनाइहरुसित तलका प्रश्नहरुका आधारमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् :

१.प्रभावशाली मेन्टोरमा हुनुपर्ने विशेषताहरु के-के हुन् ?

२.एउटा मेन्टोरले मेन्टोरिङ्गका क्रममा के - के गर्दछ ?

३.मेन्टोरिङ्गको यस्तो तरिकामा परिणाम के हुन्छ ?

## आमूल परिवर्तनकारी मेन्टोरि॰को परिभाषा :

***कसैको जीवन यात्रामा सामेल हुन अग्रसरता देखाई परमेश्वरको एउटा औजारको रुपमा परमेश्वरले त्यो व्यक्ति सम्पूर्णरुपले जे बनेको र जे गरेको चाहनुहुन्छ सोको लागि मद्दत गर्नु नै मेन्टोरिङ्गको सेवा हो ।***

यस परिभाषाका प्रत्येक वाक्यांशका महत्वपूर्ण अर्थहरु छन् । यस परिभाषाका प्रत्येक भागको अर्थलाई विचार गर्नुहोस् । यसका प्रत्येक भाग वास्तविक व्यवहारमा के जस्ता देखिन्छन् ? तपाईंको जीवनमा पनि यस प्रकारको मेन्टोरिङ्गले कस्तो विकास र परिवर्तनको आशा गर्नुहुन्छ ?

- यसको लागि काम शुरू गर्ने

- कसैको जीवनयात्रामा साथ दिने

- त्यो व्यक्तिलाई सहयोग गर्न परमेश्वरको एउटा औजारको रुपमा आफैंलाई प्रस्तुत गर्ने

- परमेश्वरले तिनीहरुलाई जस्तो बनेको चाहनुहुन्छ त्यस्तै हुनलाई अनि उहाँले तिनीहरुले जे जस्तो गरेको चाहनुहुन्छ त्यस्तै गर्नलाई मद्दत गर्ने

## खण्ड २ - ख्रीष्ट - सदृश अगुवाहरु विकास गर्ने हृदय
## येशूजस्तै अगुवाइ गर्ने हृदय : लगातार रुपान्तरण

**हाम्रो आत्मिक 'त्रुटी'**

हामी सबैमा स्वभावैले आत्मिक त्रुटी (default) को प्रणाली छ जसलाई बाइबलले 'शरीर' भन्छ । शरीर भन्नाले हाम्रा पुराना विचार, बानी तथा पतित मानवतालाई सङ्केत गर्छ ।

आत्माको विरुद्ध शरीर :

जब कोही मानिस फेरि जन्मन्छ भने उसमा सम्पूर्ण परिवर्तनका सम्भव हुन्छ । पवित्र आत्माद्वारा हामीमा नयाँ स्वभाव र नयाँ स्रोतहरु हुँदछन् ।

तर जबसम्म हामी पवित्र आत्मामाथि भर पर्दैनौं (गलाती ५:१६-२५, रोमी ८:१-१३), हाम्रो त्रुटीपूर्ण प्रणाली स्वतः चलिरहन्छ ।

अगुवाइपनको शरीर

जस्तो सुकै संस्कृति, भाषा वा धार्मिक सम्प्रदाय भएपनि ख्रीष्टियन अगुवाहरुले शारीरिक नियन्त्रण, शक्ति, कपट तथा घमण्डका उही शारीरिक प्रवृत्तिहरु सबैमा हावी भएको पाइन्छ । येशूजस्तै अगुवाइ गर्ने एक अगुवा पवित्र आत्माको शक्तिमा र उहाँको आमूल परिवर्तनकारी सिद्धान्तमा हिँड्छ ।

**रुपान्तरणीय मूल्य परिवर्तन**

| शारीरिक नेतृत्वको अभ्यासलाई छोड्दै जाने: | | आत्माको नेतृत्वको अभ्यास बढाउँदै लाने: |
|---|---|---|
| **मेरो राज्यको निर्माण** | ➡ | **परमेश्वरको राज्यको निर्माण** |
| **कानुन वा लाइसेन्स तथा अनुमतिकरण** | ➡ | **अनुग्रहको सुसमाचारमा जिउन** |
| **शक्ति तथा पदीय नेतृत्व** | ➡ | **दासको रुपमा अगुवाइ** |
| **एक्लोपन तथा स्व-पर्याप्तता** | ➡ | **टोलीकार्य तथा समुदायमा काम गर्ने** |
| **आकस्मिक वृद्धि** | ➡ | **उद्देश्यपूर्ण गुणात्मक वृद्धि पूरा गर्ने** |

येशूले भन्नुभयो, "तिमीहरुलाई थाहा नै छ कि अन्यजातिका शासकहरुले तिनीहरुमाथि निरङ्कुश शासन गर्दछन्, ......... तिमीहरुका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरुमा ठूलो हुने इच्छा गर्दछ त्यो तिमीहरुको सेवक हुनुपर्छ ।" (मत्ती २०:२५-२६)

## मूल्य परिवर्तन #१ :

**मेरो राज्यनिमार्णदेखि परमेश्वरको राज्य निर्माणतर्फ :**

"पहिला उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् ।
मत्ती ६:३३

येशू खीष्टद्वारा रुपान्तरण भइरहेको एक अगुवा त्यो हो जसको ध्यान आफ्नै राज्य आफ्नै ख्याति, आफ्नै सेवा, वा आफ्नै संस्था स्थापना गर्ने कुरादेखि परिवर्तन भएर परमेश्वरको राज्य बनाउने, खीष्टको महिमा खोज्ने र परमेश्वरको राज्य विस्तार यसरी गर्ने कि जसले जीवन, सेवा र संस्कृतिका हरके क्षेत्रलाई छोओस् भन्ने हुन्छ ।

**राज्यनिर्माण (Kingdom building)**

**नयाँ करारको एक घटना अध्ययन :**

**डियोत्रिफस**

एक अगुवा जसले आफ्नो राज्य बनायो,परमेश्वरको होइन

**'साम्राराज्य बनाउने'**

मैले मण्डलीलाई केही कुरा लेखेको थिए, तर तिमीहरुमा ठूलो हुन खोज्ने डियोत्रिफसले मेरो अधिकार स्वीकार गर्दैन। यसकारण जव म आउछु, त्यसले गरिरहेका कामहरुको कुरा उठाउनेछु । हाम्रा विरुद्धमा त्यसले खराव वचनहरु बकिहिड्छ । त्यतीमा सन्तुष्ट नभएर त्यसले भाइहरुलाई स्वागत गर्न ईन्कार गर्छ र तिनीहरुलाई स्वागत गर्न चाहनेहरुलाई पनि रोक्छ र तिनीहरुलाई मण्डलीबाट बाहिर निकालिदिन्छ ।

प्रिय हो खरावीको अनुकरण नगर, तर भलाइको अनुकरण गर(३ यूहन्ना ९-११)

के को लागि डियोत्रिफसलाई दोष लगाइएको थियो ? (९-१०)

यसतो खराव अभिप्रायमाथि यूहन्नाको चेतावनी के छ ? (११)

**राज्य बनाउने**

म तिमीहरुकहाँ तिमोथीलाई चाँडै पठाउन प्रभुमा आशा गर्दछु ताकि तिमीहरुको सुसमाचार पाएर म पनि प्रसन्न हुन सकूँ । तिनीजस्तो साँचो मनले तिमीहरुका कल्याणको चिन्ता गर्ने मानिस मसँग अरु कोही छैन । येशू खीष्टका कुराको वास्ता नगरी तिनीहरु सबै आफ्नै स्वार्थ खोज्दछन् । तर तिमोथीको योग्यता त तिमीहरुलाई थाहै छ कि जसरी छोराले बाबुको सेवा गर्दछ त्यसरी नै तिने मसँग सुसमाचारको काममा सेवा गरे ।
- (फिलिप्पी २:१९-२२)

**नयाँ करारको एक घटना अध्ययन:**

**तिमोथी**

एक अगुवा जसले परमेश्वरको राज्य बनाउछ,आफ्नो होइन

- के को निम्ति तिमोथीको प्रशंसा गरिएको छ ?(१९-२१)

- यस्तो ईश्वरीय उद्देश्यमा पावलको खुशी केमा छ ?(२२)

## एउटा राज्यको अगुवाइलाई मेन्टोरि•को तरिका

पत्रुसलाई येशू प्रभुले छान्नुभयो अनि परमेश्वरको राज्य स्थापित गर्न एउटा विशेष ठाउँ दिइएको थियो । तर त्यसको अर्थचाहिँ पत्रुसलाई सधैँभरिलाई परमेश्वरबाटको हौसला, उत्तरदायी र सच्चिइँदै जानु आवश्यक छैन भन्ने होइन । बरु उसले आफ्नो इच्छा खोज्नुहुँदैन तर मुक्तिदाता र मेन्टोर येशू ख्रीष्टको इच्छा खोज्नुपर्छ ।

याद गर्नुहोस् मत्ती १६:१३-२८ मा मेन्टोरिङ्ग रुपान्तरणका तरिकाहरु ।

- पत्रुसको स्वीकारोक्तिको महत्व के थियो ? (१५-१७)

- पत्रुस उसको शारीरिक प्रवृत्तिको झुकावमा कसरी फर्क्यो अनि येशूले कस्तो जवाफ दिनुभयो ? (२२ - २३)

- यो कडा आदेशले एउटा राज्यको अगुवा पत्रुसको प्रतिभा र अवस्थालाई सिमित पाऱ्यो ? पत्रुस तथा अरुलाई एउटा हौसलाको रुपमा येशूका शब्दहरु कस्ता थिए ? (२४-२८)

जसरी पत्रुसले एउटा परमेश्वरको राज्यको विचार बोकेका अगुवाको रुपमा बढे, उनको मण्डलीप्रतिको चेतावनीलाई याद गर्नुहोस् जहाँ साम्राज्य निर्माण गर्ने क्रममा देखा परेका झुटा शिक्षक र अगुवाहरुको बारेमा के लेखिएके छ । (२ पत्रुस २:१-३)

- पत्रुसले किन झुटा शिक्षकका बारेमा मण्डलीलाई चेतावनी दिन आफू बलियो चेतावनी दिनमा स्वतन्त्र भएको महसुस गरे ? (१-२)

- येशू प्रभुको मण्डलीभित्र अगुवाहरुको रुपमा हामी आफैँ केबाट जोगिन पर्छ ? केबाट हामीले हौसला पाउन सक्छौँ ?

**तपाईंको जीवन र सेवाकाइमा परमेश्वरको राज्य निर्माणका मूल्यहरुलाई आत्मासात गर्न प्राथमिकताका साथ परिवर्तन गर्न आवश्यक कुराहरु के-के छन् ?**

## मूल्य परिवर्तन # २ :

**व्यवस्था/कानुनबाद वा लाइसेन्सबाट अनुग्रहको सुसमाचारमा जिउनुः**

*उहाँले मलाई भन्नुभयो, मेरो अनुग्रह तिम्रो निम्ति प्रशस्त छ, किनभने मेरो शक्ति दुर्बलतामै सिद्ध हुन्छ । यसकारण ख्रीष्टको शक्ति ममा बास गरोस् भनेर म बरु मेरो दुर्बलतामा धेरै खुशीसित घमण्ड गर्नेछु । यसकारण ख्रीष्टको निम्ति दुर्बलताहरुमा, हानीहरुमा, आवश्यकताहरुमा, खेदोहरुमा, आपदहरुमा म खुशी हुन्छु किनभने दुर्बल हुँदा म शक्तिमान् हुन्छु। (२ कोरिन्थी १२:९-१०)*

येशू ख्रीष्टद्वारा रुपान्तरित भइरहेको एक अगुवा त्यो हो जो अधिकतम र व्यक्तिगत रुपले अनुग्रहको शक्ति र आश्चयद्वारा दह्रिलोसँग बलियो भएको हुन्छ; चुर्णता र दयाको अनुभव गरेको हुन्छ; र अरुहरुलाई पनि त्यस्तै आदर, दयार र अनुग्रहसँग व्यवहार गर्दछ ।

**अनुग्रहले अरुहरुसँग कसरी व्यवहार गर्छ ?**

मत्ती २३ को १३ देखि ३३ पदसम्म मनन् गर्नुहोस् अनि फरिसीहरु आफैमा र अरुहरुमा लागू गरेका कानुनवाद र कठोरतालाई विचार गर्नुहोस् । तपाईलाई केले अचम्मित तुल्याउँछ ? कि तपाई यस्तो महसुस गर्नुहुन्छ कि “सूर्यको मुनि नयाँ कुरा केही पनि छैन ?

फरिसीहरुका तुलनामा तलका घटनाअवस्थामा अनुग्रहको फल याद गर्नुहोस् जसले आफ्नै प्रशंसा गर्दैन, अरुलाई गलत प्रभाव पार्दैन र दबाउने काम गर्दैन; “उचित” आचरणमा हैकम चलाउँदैन, बरु प्रत्येक अवस्थामा अनुग्रह, दया र कृपाको बारेमा ख्याल गर्नुहोस् ।

**मत्तीको घटना : एउटा क्षमतावान अगुवा- पढ्नुहोस् मत्ती ९:९-१३**

१. कस्तो गुण वा योग्यताले येशूलाई मत्तीकहाँ पुग्न बाध्य पाऱ्यो ?

२. अरुहरुले येशूको अनुग्रहप्रति कस्तो प्रतिक्रिया जनाए ?

३. येशूसितको उनको सम्बन्धलाई प्रभावमा मत्तीको पहिलाको जीवनले कुन तरीकाको प्रभाव पाऱ्यो ।

**पापी स्त्रीको घटना : एउटी क्षमतावान अगुवा ? पढ्नुहोस् लूका ७:३६-५०**

१. त्यो स्त्रीको कुन गुण वा योग्यताले खिचेर येशू त्यस स्त्रीकहाँ अनुग्रहमा पुग्नुभयो ?

२. सिमोन जो एउटा धार्मिक अगुवा थियो उसले येशू र उहाँको अनुग्रहप्रति कस्तो प्रतिक्रिया देखायो ?

३. येशूसितको उसको सम्बन्धमा त्यो स्त्रीको पहिलाको जीवनले कुन तरीकाको प्रभाव पाऱ्यो ?

**पत्रुसको घटना : एउटा चुर्ण अगुवा अध्ययन गर्नुहोस् लूका २२:३१-३४,यूहन्ना २१:१५-१७**

१. यी प्रत्येक अध्यायमा येशूले कसरी अनुग्रह प्रकट गर्नुभएको छ ?

२. पत्रुसको असफलताले उसको नेतृत्वको क्षमतालाई कसरी परिवर्तन गऱ्यो ?

३. येशुसँगको उनको सम्बन्धलाई पत्रुसको चुर्णताले कुन तरीकामा परिवर्तन गऱ्यो ? अरुहरुसँगको उनको सम्बन्धलाई पत्रुसको चुर्णताले कुन तरीकामा प्रभाव पाऱ्यो ?

## नम्रता र सेवा

व्यक्तिगत चुर्णता हाम्रो लागि आधारभूत कुरा हो । जसले परमेश्वरको प्रशस्त अनुग्रह बुझ्न सहायता गर्छ । जब हामी हाम्रो घमण्डबाट, हाम्रो प्रख्यातिको भानबाट र आत्म-सन्तुष्टिबाट, हाम्रो शक्ति र नियन्त्रणबाट तोडिन्छौं; यो दृढ विश्वासमा कि हाम्रो नियन्त्रणको शारीरिक तरीका भन्दा धेरै उत्तम रुपले खीष्टले उनीहरुमा परिवर्तनको काम गरिरहनुभएको छ ।

पावल आफै आत्मिक परिपक्वतामा, सेवाको प्रभावकारितामा र खीष्टको रुपमा वढ्दै जाँदा पनि उनको स्व-अवधारणालाई  विचार गर्नुहोस् ।

समयानुक्रममा पावलले आफैंलाई यसरी उल्लेख गर्दछन् :

१. सन् ४९ - अन्य प्रेरितहरुसँग - समान
(गलाती १:१६, २:१०) ।
२. सन् ५३ - प्रेरितहरुमध्ये सबैभन्दा सानो
(१ कोरिन्थी १५:९)
३. सन् ६१ - परमेश्वरका मानिसहरु मध्येका सबैभन्दा सानो
(एफिसी ३:८)
४. सन् ६५- सबै पापीमध्येका मुख्य
(१तिमोथी १:१५)

यस परिभाषा अनुसार हाम्रो नम्रता वा चुर्णताचाहिँ हामीले गर्ने कुरा केही होइन । चुर्णता त त्यो हो जुन परमेश्वरको अनुमतिमा भएका हाम्रा जीवनका घटनाहरुबाट हामीमा उत्पादन हुन्छ । घटनाहरु घट्छन् र जुन चाहिँ त्यस घटनाप्रति हाम्रो प्रतिक्रियाको परिणामस्वरुप चुर्णता आउन पनि सक्छ वा नआउन पनि । हामीले धर्मशास्त्रबाट चूर्ण हृदयका बारेमा के सिक्न सक्छौं ? परमेश्वरका मानिसहरुका कथाहरुबाट ? एक-अर्काबाट? हाम्रा आफ्नै जीवनहरुबाट ? जीवनप्रति हाम्रो प्रतिक्रिया कस्तो छ ताकि परमेश्वरको अनुग्रहको वास्तविकता र सुन्दरताको ढोका खोलिन सकोस् ?

भाइ हो, तिमीहरुलाई थाहा होस् भन्ने म चाहन्छु, कि ममाथि आइलागेका कुराहरुले वास्तवमा सुसमाचारलाई अगि बढाउने काम भएको छ, यहाँसम्म कि महलका सारा गारद र सबै बाँकीकहाँ पनि मेरो कैद खीष्टको निम्ति भएको हो भन्ने जाहेर भएको छ । धेरैजसो भाइहरु मेरो कैदले गर्दा प्रभुमा साहसी भएका छन्, र परमेश्वरको वचन विनाडर बोल्नलाई झन् आँटिला भएका छन् । कसै -कसैले साँच्चै डाह र शेखीले, तर अरुहरुले सद्भावले खीष्ट प्रचार गर्दछन् । सुसमाचारको सुरक्षाको निम्ति म यहाँ छ' भनी जान्नेहरुले यो काम प्रेमले गर्दछन् , तर शेखी ...     (फिलिप्पी १:१२ -१८)

**भाइ हो, जब तिमीहरु बोलाइएका थियौ, तिमीहरु कस्ता थियौ**

?....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................
.....................................

**यसैले लेखिएको छ**
**' गर्व गर्नेले प्रभुमा नै गर्व गरोस् ।'**

- पावलले कसरी यस्तो अनुभव गर्न सके ? सेवाका केही अगुवाहरुले पावलको बदनाम गर्न सम्म पुगे र औंलो ठड्याए तर पावलले त्यसको बदला लिएनन् ।

**येशूजस्तै अगुवाइ गर्ने व्यक्ति हुनलाई तपाईंको अरुहरुसँगको व्यवहारमा कस्ता परिवर्तनहरु गरिनु आवश्यक छन् ?**

मूल्य - परिवर्तन # ३ :

**शक्तिको नेतृत्वदेखि सेवकको रुपमा अगुवाई गर्ने :**

"तिमीहरुका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरुमा ठूलो हुने इच्छा गर्दछ त्यो तिमीहरुको सेवक हुनुपर्दछ। जो तिमीहरुमध्ये पहिलो हुने इच्छा गर्दछ त्यो तिमीहरुको कमारो हुनुपर्छ आफ्नो प्राण दिन आयो। - मत्ती २०:२६-२८

येशू खीष्टद्वारा रुपान्तरित भइरहेको एक अगुवा त्यो हो जसको प्रभाव र छाप उसको अवस्था, शक्ति तथा नियन्त्रणबाट निर्धारित हुँदैन तर परमेश्वरको शक्तिमा अरुलाई सेवा पुर्याउँदै उसको प्रभाव तथा छाप छोड्छ।

**धिक्कार तिमीहरु, व्यवस्थाका पण्डितहरु ....**

दण्डका केही कडा वचनहरु येशू खीष्टले उहाँको समयका धार्मिक गुरुहरु र अगुवाहरुलाई निर्देशित गर्नुभएको थियो। हामी हामो समयका आत्मिक अगुवा र शिक्षकहरुको हैसियतले येशूको सुझाव, अगुवाइ र उत्साहलाई ध्यान दिएर सुन्नु हामीलाई असल हुन्छ।

**मत्तीको पुस्तक २३:१-१२ अध्ययन गर्नुहोस्**

- येशूले ३ पदमा स्मरण गराएका अचम्मको कुरा के छ ?
- जसरी येशूले यो देख्नुभयो, फरिसीहरुको मुख्य नराम्रो आदत के थियो ?
- चेलाहरुलाई अनि हामी यस्ता कुआदतमा फस्नबाट जोगिन कस्ता छौं ?
- प्रभु येशूले सिकाउनुभएको कुराहरुलाई फरिसीहरुले अनुसरण गरेका मुख्य मार्गहरुसँग तुलना गर्नुहोस्। (पद ५-१२) यहाँ उल्लेखित महान्ताका दुई विचारहरुले हामीलाई के सिकाउँछन् जसमा राज्य र राज्यको महत्वका बारेमा दुईओटा विचारहरु छन् ?
- के यहाँ भएका कुनै पनि सातओटा दोषहरु तपाईंको संसारको विरुद्धमा बनाइएका हुन ? एउटा छान्नुहोस् अनि त्यो तपाईंको संसारलाई सुहाउँदो हुने गरी व्याख्या गर्नुहोस्।

**सेवक अगुवाहरुको मेन्टोरिङ्गको तरिका :**

याकुब र यूहन्ना येशूद्वारा चुनिएका र उहाँको सेवाकाइमा महत्वपूर्ण स्थान पाएका व्यक्तिहरु थिए। तर यसको अर्थ यो होइन कि तिनीहरुलाई सधैं प्रभु,मुक्तिदाता तथा मेन्टोरबाट हौसला उत्तरदायित्व र सुधार चाहिँदैन।

याकूब र यूहन्नाको निवेदन तथा रुपान्तरण मेन्टोरिङ्गका तरिकालाई अनुभव गर्नुहोस् जुन मर्कूस १०:३५-४५ मा उल्लेख गरिएको छ।

- कुन उद्देश्यको लागि तिनीहरुले बिन्ती गरे ? (३५-३७)
- याकूब र यूहन्ना कसरी अगाडि बढ्नलाई तयारी भए ? येशूले कस्तो जवाफ दिनुभयो ? (३८-४०)
- येशूको कठोर हप्काइबाट सेवकका रुपमा अगुवाइ गर्ने याकूब र यूहन्नाको प्रतिभालाई के सीमित पार्यो त ?
- जब अरुहरुले याकूब र यूहन्नाको बिन्ती सुने तिनीहरु रुष्ट भए। तपाईंको विचारमा तिनीहरुले किन त्यस्तो प्रतिक्रिया देखाएका होलान ? (पद ४१)
- मर्कूस १०:४५ मानिसहरुका लागि अलौकिक उत्तर कस्तो छ ? के मर्कूस ८:३७ मा उत्तर दिन नसकिने प्रश्न छ ?
- येशूको मण्डलीभित्र अगुवाहरुको नाताले हामी आफैंलाई कुन कुराबाट जोगाउनुपर्छ ?
- केबाट हामीले हौसला प्राप्त गर्न सक्छौं ?

## सेवक अगुवाले येशू खीष्टको नेतृत्वको नमूना पछ्याउ“छ ।

- **अरुहरुको खाँचो आवश्यकता पुरा गरेर** येशू खीष्टमा परमेश्वरको अनुग्रह, प्रेम र सहायता सम्बन्धी उनीहरुको बुझाइ एवं अनुभवलाई बलियो तुल्याउने गरी
- शक्ति, डर-धम्की र नियन्त्रण होइन, तर नम्रता, दुर्बलता र प्रेमको स्थानबाट अरुहरु प्रति व्यवहार गरेर ।
- उनीहरुको जीवन र सेवामा प्रभावकारिताको निम्ति उनीहरुलाई उन्म’ख र सशक्त पार्ने हेतुले अधिकार र स्थानको प्रयोग गरेर अरुहरुको सेवा गर्ने।
- मानिसहरु र सम्बन्धहरुमा केन्द्रित भएर -
- परमेश्वरको महिमा र अनुग्रहको जीवित उदाहरण हुन अरुहरुलाई साँचो रुपले चाहने, साँचो रुपले बलिया सम्बन्धहरु स्थापित गर्ने र साँचो रुपले वास्ता गर्ने ।
- पहिचान र पुरस्कारको आशा होइन तर परमेश्वरको वोलावट र प्रेमद्वारा प्रेरित भई सेवा गरेर- अरुहरुको स्वीकृति होइन परमेश्वरको स्वीकृतिको निम्ति सेवा गरेर ।
- **वलिदानिकरुपले सेवा गरेर**

“उहाँ बाटामा पानी खन्याउनुभयो,
र चेलाहरुको गोडा धुन लाग्नुभयो ........”
- यूहन्ना १३:५



**सेवक नेतृत्व**

”येशू क्रान्तिकारी हुनुहुन्थ्यो, गुरिल्ला युद्धको अर्थमा होइन तर नेतृत्व सम्बन्धी उहाँको शिक्षामा । “सेवक/दास” शब्दले सर्वत्र न्यून आदर, न्यून सम्मान भन्ने बुझाउँछ । यस्तो न्यून-मूल्यको भूमिकाप्रति धेरै मानिसहरु आकार्षित हुँदैनन् । तापनि जव येशूले यो शब्द प्रयोग गर्नुभयो , यो चाहिँ महानताको पर्यायवाची थियो । र त्यो चाहिँ क्रान्तिकारी विचार थियो ।”

- अस्वाल्ड स्यान्डर्स, आत्मिक नेतृत्व

येशूले एकपटक मन्दिरका पैसा साट्नेहरुका टेबिल पल्टाइदिनुहुँदा, उहाँले त्यस्तो प्रकारको आत्मिक अधिकारको आधार स्थापित गर्नुभयो । पारिवारिक रुपले वा अनुमानद्वारा कहिल्यै पनि अधिकार आउँदैन । नयाँ करार अन्तर्गत, आत्मिक अधिकार भनेको एक नम्र सेवकमा पवित्र आत्माको कामको प्रमाण हो ..... एक अगुवाले आफूले नै नकमाएको वा प्राप्त नगरेको कुराको
माग गर्न सक्दैन । परमेश्वरको व्यवस्थामा आर्जेको अधिकार चाहिँ नम्रतामा आधारित हुन्छ । -परमेश्वर र मानिसको साम्, तोडिएको आत्मा ।

- स्टेसी रिनेहाई, ptf/-r9fj : सेवक नेतृत्वको विरोधाभाष

“तिमीहरुको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाहा गर । करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरुको जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर ।” १पत्रुस ५:२-३

**अरुहरुलाई पुर्‍याउने सेवाको तरीका र तपाईंको प्राथमिक पहिचानको रुपमा सेवक नेतृत्वको परिवर्तनकारी महत्वलाई आत्मसात गर्न तपाईंको जीवन र सेवामा के कस्तो परिवर्तन आवश्यक छ ?**

## मुल्य परिवर्तन # ४:

**एक्लो अवस्थामा टोली र समुदाय**

”..... प्रभुमा मेरो लागि एउटा ढोका खोलिएको थियो, तर मेरो भाइ तितसलाई त्यहाँ नभेट्टाउँदा मेरो मनमा चैन भएन। त्यसकारण तिनीहरुबाट विदा लिएर म माकेडोनियातर्फ लागे।”

- २ कोरिन्थी २:१२ -१३

येशू खीष्टद्वारा परिवर्तन भइरहेको एक अगुवा त्यो हो जसले बाँड्न अनिच्छुक वा घमण्डको कारणले पृथक वा एक्लो भएर काम गर्ने प्रवृत्तिको प्रतिरोध गर्दछ। यस्तो अगुवाले सम्बन्धलाई महत्व दिंदछ र उसको सवल पक्षलाई प्रयोग गर्न इच्छुक रहन्छ साथै ऊ कमजोर भएको ठाउँमा अरु बलियाहरुसँग काम गर्न इच्छुक हुन्छ।

**खीष्ट-सदृश (खीष्ट जस्तै) अगुवा त्यो हो जसले टोली र समुदायलाई महत्व दिंदछ ..........**

आत्मिकरुपले परिवर्तित अगुवाले आफ्नो बलियो र कमजोर पक्षको महशुस गर्दछ र त्यस्ता व्यक्तिहरुसँग काम गर्न खोज्दछ जसको सवल पक्षले उसको कमजोर पक्षलाई परिवर्तित गर्दछ। उसले सबै कुरा राम्रोसँग गर्न सक्दै भन्ने कुरा मानिलिन लजाउँदैन।

- खीष्ट-सदृश अगुवा तिनीहरुसँग काम गर्न चाहना राख्छ जसका आत्मिक वरदान र खूवीहरुले उसको वरदानलाई पूर्ण गर्दछ।
- अरु अगुवाहरुको माझमा पनि प्रमुख/वरिष्ठ अगुवाको धारणा नयाँ करारमा अमिल्दो/अस्वभाविक हो। खीष्ट-सदृश अगुवाहरु टोलीमा काम गर्छन् र खीष्टको शरीरका अरु सबै विश्वासीहरुसँग बराबरी सदस्यहरु हुन्।
- जसरी परमेश्वरको एकता, विविधता, र सामञ्जस्यता त्रिएकतामा प्रकट भएके छ त्यसरी नै नेनृत्व टोलीभित्र सम्मान र समानता नै परमेश्वरको शक्तिको ठूलो साक्षी हुन सक्छ।
- यदि अगुवाले आधिकारिक सम्बन्धमा आफूलाई अर्पण गर्छ भने, प्रेमपूर्ण वातावरणमा उत्साह, उपदेश र सुधारद्वारा उसको चरित्र निर्माण गर्न पवित्र आत्माले समुदायलाई पनि प्रयोग गर्न सक्नुहुन्छ।
- बाइबलीय स्व-चित्र (Self image) ले एक अगुवलाई स्वभाविक, शारीरिश, स्वयं-पर्याप्तताको प्रथम अवस्थाबाट अरु दाजुभाइ-दिदी बहिनीहरुमा स्वस्थ अन्तर-निर्भरताप्रति उन्मख हन हन अभिप्रेरित गर्छ।

### टोलीकार्य र समुदाय

“खीष्टियन यात्रा हामीले अरुहरुसँगै गरिने यात्रा हो। हामी प्रत्येकले आ-आफ्नै यात्रा गर्नुपर्छ र हामी प्रत्येकको निम्ति सो यात्रा अनुपम हुन्छ। तर हामी कसैले पनि त्यो यात्रा एक्लै गर्ने योजना गर्नु हुँदैन। स्वर्गलोक एक्लै पुग्ने एकलकाटे खीष्टियनको काल्पनिक कथा चाहिँ मण्डलीलाई खीष्टको शरीरको रुपमा सिकाउने बाइबलको विरुद्धमा छ। व्यक्तिगत परिवर्तनको यात्रामा हामीले खीष्टलाई पछ्याउँदा हामी एउटै शरीरका अङ्गहरु हौं। आत्मिक सहपाठीहरु र सक्दैनौं।”

- डेभिड बेनेर, धार्मिक सहयात्रीहरु

“किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरुमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्। किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरुको एउटै काम हुँदैन, त्यसरी नै हामी जो धेरै छौं, हामी पनि खीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरु हामी प्रयोग गरौं। अगमवाणीको हो भने, विश्वासको परिमाणअनुसार।”

रोमी १२:३-६

**बाइबलका उदाहरणहरु :** निम्न अध्यायहरु हेरेर आफ्नो समूहमा छलफल गर्नुहोस् ।

- **चेलाहरु** (लूका १०: १२, १७, २ १) :
  येशूले चेलाहरुलाई प्रचारमा पठाउँदा एक्ला-एक्लै पठाउनु भएको भए उनीहरुले दोब्बर गाउँहरु पुग्न भ्याउँथे होलान् ; तर त्यसको सट्टा उहाँले दुई-दुई गरी पठाउनुभया । उनीहरु फर्के पछि कस्तो अनुभव गर्छन् ? संवेगात्मक तहमा प्रचारको कामको बारेमा येशूले कस्तो अनुभव गर्नुहुन्छ ? एक्लो भन्दा टोलीमा काम गर्ने सम्बन्धमा यस अनुभवले तपाईंलाई के बताउँछ ?

- **येशू** (मर्कूस १४:३२-३४) :
  येशूले केही कुराहरु एक्लै गर्नुपर्थ्यो तर के उहाँ त्यो निर्णायक रातमा बगैंचामा एक्लै जानुभयो त ? के उहाले सहायताको निम्ति सोध्नुभएन ?

- **बारनाबास** (प्रेरित ११:२२-२६) :
  एन्टिओखियामा गर्नुपर्ने धेरै काम छ भन्ने देखेपछि बारनाबासले आफू एक्लैले गर्ने प्रयास गरेको भएपनि हुनेथियो तर उनले त्यसो गरेनन् । उनले कस्तो सहायता मागे ? टोलीमा गरिने सेवाको परिणाम के थियो ?

- **पावल** (२ तिमोथी ४:९-१३, १९-२१) :
  पावलले आफूलाई घमण्डी र स्वयं पर्याप्त व्यक्तिको रुपमा सुरु गरे तर उनी परिवर्तन भए । यी दुई खण्डहरुमा उनले कतिजना सहकर्मीहरु र साथीहरुको उल्लेख गरेका छन ?

**येरुशलेमको महासभा/परिषद् : टोली नेतृत्वको एक घटना अध्याय**

प्रेरित १५: १-२९ पढ्नुहोस् र तलका प्रश्नहरु छलफल गर्नुहोस् ।

- यरुशलेममा भेला भएका "प्रेरितहरु र एल्डरहरु" को भूमिका र जिम्मेवारीहरु के के थिए ? सभाको छलफलमा पत्रुस, बारनाबास र पावल साथै याकूबले कस्तो योगदान पुर्‍याए ? के यी

- मध्ये कोही एकजनाको उक्त महासभामा अन्तिम वचन थियो ?

- अयहूदीह विश्वासीहरुलाई पठाइएको परिषद्को चिठ्ठी कस्को अधिकार/नाममा थियो ?

**नेतृत्वमा एकअर्काको साथ मिलेर गरिने टोली कार्यको परिवर्तनकारी महत्वलाई आत्मासात् गर्न तपाईंको जीवन र सेवामा के कस्ता परिवर्तनको आवश्यकता छ ?**

**मुल्य परिवर्तन # ५:**

**आकस्मिक योग देखि उद्देश्यपूर्ण वृद्धिसम्म**

"यसकारण तिमी, मेरो बालक, खीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ । धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।"
२ तिमोथी २:१-२

येशू खीष्टद्वारा परिवर्तन भइरहेको एक अगुवा त्यो हो जसले ..... आफ्नो जीवन र सेवामा मेन्टोरिङ्गलाई प्राथमिकताकासाथ छनोट गर्दछ ; उसले आफ्नो परिश्रम र समयलाई भावी पुस्ताका अगुवाहरु उठाउनमा पूर्णरुपले समर्पण गर्दछ ।

**येशूको सेवाको एक सर्वेक्षण**




- 'बाह्र' चेलाहरुको नियुक्ति (मर्कूस ३:१३-१९)
- अगुवाहरुले येशूलाई तिरस्कार गरेका (मर्कूस ३:१९-३५)
- दृष्टान्तहरुको सुरु (मर्कूस ३:२३;४:१-३४)
- विश्वासका पाठहरु सिकाउन थाल्नुहुन्छ (मर्कूस ४:३४-४१)

**संसारमा पुग्नु यति महत्वपूर्ण थियो कि येशू उद्देश्यपूर्णरुपले अगुवाहरुमा केन्द्रित हुनुभयो.... उहाँ उद्देश्यपूर्ण रुपले अगुवाहरुमा केन्द्रित रहनुभयो** ............

- येशूले आफ्नो जीवनर सेवाको दौरानमा 'बाह्रै' लाई अनुभवी र दक्ष मेन्टोरिङ्ग सेवा पुर्‍याउनुभयो ।
  उहाँ बाह्र चेलाहरुलाई बोलाएर .......... तिनीहरुलाई अधिकार दिनुभयो । (मत्ती १०:१)
- बारनाबासले पावल र यूहन्ना मर्कुसलाई मेन्टोरिङ्गको सेवा गरे ।
  "बारनाबास र शाऊल आफ्ना मिशन पूरा गरेर यरुशलेमबाट फर्के । तिनीहरुसँग मर्कूस भनिन् यूहन्ना पनि गए ।" (प्रेरित १२:२५)
- पावलले तिमोथी, लूका, प्रिस्किला र अकिलास अनि अरु धेरै लाई मेन्टोरिङ्ग सेवा गरे ।

"यसकारण तिमी, मेरो बालक, खीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ । धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।"
(२ तिमोथी २:१-२)

प्रिस्किला र अकिलासले अपोल्लोसलाई मेन्टोरिङ्ग को सेवा गरे ।"..... तिनले (अपोल्लोस) बोलेको कुरा सुनेर प्रिस्किला र अकिलासले तिनलाई आफ्नो घरमा ल्याए, र परमेश्वरको मार्गको अर्थ झन प्रष्टसँग बुझाइदिए । (प्रेरित १८:२६)

# नेतृत्व विकासमा येशूको तरीका : मेन्टोरिङ




**निम्न प्रश्नहरु छलफल गर्नुहोस् :**

- आजको सुसमाचारीय मण्डलीमा कस्तो अगुवाले सबैभन्दा वढी पहिचान/प्रसिद्धि पाउँछ ?

- नेतृत्व विकासको येशूको तरीकामा अभिव्यक्ति कुन अगुवा बुद्धिमान थियो ?

- के यशू वा पावलले कहिल्यै ठूलो संख्यामा अगुवाहरु उत्पादन गर्ने प्रयास गर्नुभएको थियो ? उहाँहरुले किन त्यसो गर्नुभएन ?

**उद्देश्यपूर्ण गुणात्मक वृद्धिको परिवर्तनकारी मूल्यको प्रकाशमा, निम्न भनाइमाथि मनन गर्नुहोस् :"यदि कोही अगुवाले उद्देश्यपूर्ण रुपले अगुवाहरु (उनीहरुले पनि अरु अगुवाहरु निर्माण गर्छन)निर्माण गरेको छैन भने उसले येशूको सेवाको तरीका पछ्याएको हुँदैन ।"**

## खण्ड ३ - खीष्ट - सदृश अगुवाहरु निर्माणमा सिपहरु

### तपाईंको कथा भन्ने

#### कथा भन्ने शक्ति

- कथालाई संसारका हरेक संस्कृतिमा मूल्य-मान्यताहरु स्थापित गर्ने र इतिहास संचार गर्ने प्राथमिक उपायको रुपमा प्रयोग गरिदै आइएको छ ।
- कथाहरुमा हृदय, संवेगहरु, र कल्पना साथै मन पनि संलग्न भएका हुन्छन् ।
- तपाईंको जीवनमा परमेश्वरले कसरी काम गरिरहनुभएको छ भन्ने तपाईंको साक्षी (कथा) नै सुसमाचारका शक्तिको संलग्नता र भरपर्दो घोषणा हो ।

#### कथा भनाइको एउटा उदाहरण

- पावलको उदाहरण : तल दिइएका प्रत्येक खण्डहरुमा, पावलले आफ्नो कथा वा इतिहासमा मनन गर्नुको उनको उद्देश्य के हो? केही सत्यताहरुलाई टिप्नुहोस् ।

  - ✓ गलाती १:११-२:१३
  - ✓ प्रेरित २२:१-२१
  - ✓ प्रेरित २६:१-२९
  - ✓ फिलिप्पी ३:४-१६

#### तपाईंको कथा भन्ने मौका

## मेन्टोरिङ्का चरणहरु

"व्याख्यान सुनेर वा पुस्तकहरु पढेर, वा गृहकार्य गरेर र जाँज लेखेर अगुवाहरु उत्पादन हुँदैन, यद्यपि यी सबैको आफ्नो भूमिका भने छ। अगुवा निर्माणमा सबैभन्दा महत्वपूर्ण प्रभाव चाहिँ उसको अरु मानिसहरुसँगको अन्तरक्रिया नै हो ....... "

- लुसान कांग्रेस, भावी नेतृत्व नियम समूह, पटाया, थाइल्याण्ड, २००४

**स्थापना गर्नेः भरोसा गर्ने चरण**

- भरोसा र पारदर्शिता, नम्रता र इमान्दारिताको वातावरणमा सुरक्षित सम्बन्ध निर्माण गर्ने।
- स्वतन्त्र र खूलारुपले कुरा गर्न सक्ने अवस्थामा सुरक्षित सम्बन्ध स्थापित गर्न; अनुग्रहमा जरा गाडिएको।
- प्रकट गर्ने : एक आधिकारिक व्यक्तिको रुपमा चिन्नु र चिनाउनु।

**अनुसन्धान गर्ने : संक्रमणको चरण**

- मेन्टोरिङ्गको क्रममा भ्याउनुपर्ने विषयहरु र आवश्यकताहरुको पहिचान गर्ने।
- मेन्टोर र मेन्टोरिङ्ग लिने दुवैको भूमिका र जिम्मेवारीहरु; लक्ष्य र उद्देश्यहरु परिभाषित गर्ने।
- आपसी प्रतिवद्धता जाहेर गर्ने
  क) भेट्ने, स्थान, र कति पटक भेट्ने
  ख) मेन्टोरिङ्गको अवधि
  ग) मेन्टोरिङ्ग सम्बन्धका सीमाहरु
- जीवनको नक्शा कोर्ने अभ्यासले मेन्टोरिङ्ग लिने व्यक्तिको जीवन यात्रा पत्ता लगाउन मद्दत गर्छ।

**सशक्तिकरण गर्ने : परिवर्तनको चरण**

- मेन्टोरले मेन्टोरिङ्ग लिने व्यक्तिलाई उसको परिवर्तनलाई सरलिकृत गरी उसको लक्ष्य प्राप्त गर्नमा मद्दत गरी योगदान पुर्‍याउँछ।
- मेन्टोरले मेन्टोरिङ्ग लिने व्यक्तिका आवश्यकतासँग सम्बन्धित हुने विभिन्न भूमिकाको अभ्यास गर्दछ।
- मेन्टोरिङ्ग लिने व्यक्ति जिम्मेवारी भए अनुरुप मेन्टोरले सिक्ने प्रक्रियालाई सरलिकृत गर्न सक्छ।
- मेन्टोरिङ्ग लिने चाहना, विश्वास, सपना, छनोटहरु र जीवनका निर्णयहरु पत्ता लगाउने कुरामा गहन हुनुपर्ने।
- सल्लाह-सुझावहरु दिने - छनोटहरुको समालोचना र आवश्यक परेमा असजिलो परिस्थितिको मुकाविला गर्ने जोखिम लिने।
- एउटाको जीवन अर्कामा उत्पादन गर्ने दर्शनलाई हस्तान्तरण गर्ने (२ तिमोथी २:२)
- मेन्टोरले सुन्नुका साथै सिक्छ र मेन्टोरिङ्गको सम्बन्धको असरलाई ग्रहण गर्छ : प्रश्न र चुनौतीहरु, प्रतिक्रिया र स्वीकार, आनन्द र दुःख; सफलता र असफलता।

**विस्तार गर्ने : अन्तिम चरण**

- मेन्टोरिङ्ग लिने व्यक्तिले विश्वासलाई दह्रिलो बनाउँछ र मेन्टोरिङ्गका लक्ष्यहरु पछ्याउनमा डुङ्गा खियाउन सिक्छ।
- मेन्टोरिङ्ग दिने र लिने दुवैले सिकेका पाठहरुलाई पहिचान गरी लक्ष्यहरु र आकांक्षाहरु कसरी प्राप्त हुन्छन् भनी पुनरावलोकन गर्ने।
- मेन्टोरिङ्ग लिने व्यक्तिलाई ख्रीष्ट जस्तै हुने महान् लक्ष्यलाई पछ्याउँदै अगाडि बढिराख्न उत्साह दिने।
- मेन्टोरिङ्ग लिएको व्यक्तिले अरुहरुलाई मेन्टोरिङ्गको सेवा दिने काम लगातार गरोस् भनी निश्चित गर्ने।
- मेन्टोरिङ्ग लिने-दिने सम्बन्धको औपचारिक अन्त।
- आवश्यकता अनुसार विशिष्ट अवसरमा मेन्टोरिङ्ग र अधावधि गर्नको निम्ति उपरोक्त सम्बन्धलाई बदल्ने।

# आमूल परिवर्तनकारी मेन्टोरिङ्गका सीपहरु

## १.आधारभूत सीप एक : मेन्टोरिङ्ग लिने व्यक्तिहरु कसरी पत्ता लगाउने

- **मूल्य चुकाउन तयार हुनुहोस्** : के तपाई अरुहरुसँग संलग्न भएर मेन्टोरिङ्गमा आफ्नो समय र संवेगात्मक शक्ति दिन तयार हुनुहुन्छ ? इनाम ठूलो छ तर मूल्य चुकाउनुपर्छ ।
- **प्रार्थना गर्नुहोस्** : उहाँकहाँ आफैलाई उपलव्ध गर्नुहोस्, हे परमेश्वर, म मेन्टोरिङ्ग सेवा गर्न तयार छु ।
- **तपाईंका दुर्बल र सवल पक्षहरु** पहिचान गर्नुहोस् ।
- मेन्टोरिङ्ग लिने चाहने सम्भाव्य व्यक्तिहरु **पहिल्याउनुहोस्** मण्डली, कार्यक्षेत्र, सेवाको क्षेत्र र छिमेकमा राम्रोसँग खोज्नुहोस् ।
- सम्भाव्य व्यक्तिहरुसँग **विश्वासको सम्बन्ध** राख्नुहोस् । खेल वा मनोरञ्जनको समय छुट्याउनुहोस् ।
- प्रार्थनासाथ ती **व्यक्तिहरुको मूल्याङ्कन** गर्नुहोस्, त्यसको लागि आफैलाई निम्न प्रश्नहरु सोध्नुहोस्:
  - ✓ यी मानिसहरुसँग कसरी म विश्वासको सम्बन्ध राख्न सक्छु ?
  - ✓ के उनीहरुले खीष्टलाई चिनेका छन् र आत्मिक रुपले वढ्न चाहन्छन् ?
  - ✓ उनीहरुको प्राथमिक सम्बन्धहरुमा उनीहरु कहाँ छन् ?
  - ✓ मलाई थाहा भए अनुसार खीष्टले उनीहरुमा विकास गर्न चाहनु भएका नीहित सम्भाव्य क्षेत्रहरु के के हुन् ? कसरी ?
  - ✓ उनीहरुका वृद्धिका आवश्यकताहरु के के हुन् ? के उनीहरुले यी आवश्यकताहरु देखेका छन् ?
  - ✓ के उनीहरुलाई सहायताको आवश्यकता परेका जीवनका क्षेत्रहरुमा म योगदान पुर्याउन सक्छु ? त्यसो नभए, के मख बाहिरी स्रोतहरु चिन्दछु जसले उनीहरुको जीवनमा योगदान पुर्याउन सक्छन् ?
  - ✓ के उनीहरुलाई सिकाउँदा सिक्न सक्ने छन् ? के उनीहरुले मलाई उनीहरुको जीवनमा योगदान पुर्याउन अनुमति दिन्छ ? के उनीहरु वृद्धिको जिम्मेवारी वहन गर्न इच्छुक छन् ?
  - ✓ यी व्यक्तिहरुले मेरो जीवनमा कसरी योगदान पुर्याउन सक्छन् ? के म सोको लागि अनुमति दिन्छु ?
  - ✓ नियन्त्रण विना नै म कसरी प्रभाव पार्न सक्छु ?
- सम्बन्ध राख्ने कुराहरु विस्तारै गर्नुहोस् । विश्वासको सम्बन्ध राख्नलाई समय चाहिन्छ ।
- मेन्टोरिङ्ग लिनेहरुसँग नम्रतासाथ मेन्टोरिङ्गको सम्बन्ध राख्नुहोस् । उनीहरुले स्वीकार गरेमा, तपाईंको मेन्टोरिङ्गको सम्बन्ध कस्तो हुन्छ भन्ने गरेमा नीर्दिष्ट रुपले कुरा गर्नुहोस् (तल हेर्नुहोस्)

## २.आधारभूत सीप दुई : तपाईंको मेन्टोरिङ्गको सम्बन्धमा कसरी सहमति गर्न सक्नुहुन्छ ?

- सम्बन्धका सीमाहरुको बारेमा इमान्दारसाथ कुरा गर्नुहोस् । निम्न कुराहरु छलफल गर्नुहोस् :
  - ✓ सम्बन्धका लक्ष्यहरु । परमेश्वरले पूरा गर्नुभएको हामी के देख्न चाहन्छौं ?
  - ✓ प्रत्येक व्यक्तिको भूमिका के हो ? मेन्टोरिङ्ग लिने र दिनेको ?
  - ✓ भ्याउनुपर्ने छलफलका शिर्षक र विषयवस्तुहरु (मूल्याङ्कनका तपाईंका सवल/दुर्वल पक्षहरु समेट्नुहोस्)
  - ✓ के कस्ता साधन स्रोतहरु प्रयोग गर्न सकिन्छ (सामाग्रीहरु, अरु मानिसहरु, अनुभव आदि) ?
  - ✓ कति कति पटक हामी भेट्न सक्छौं ?
  - ✓ के कस्ता खतरा वा कठिनाइहरु हामी आशा गर्न सक्छौं र कति रोक्न सक्छौं ?
  - ✓ अन्त गर्ने योजना : हामीले यो हाम्रो सम्बन्ध निरन्तर रहने र वर्षौंसम्म अझ गहिरो हुने विश्वास गरे पनि, मेन्टोरिङ्गको यो औपचारिक सम्बन्ध कहिले एउटा अवस्थाबाट अर्को अवस्थामा परिवर्तन गर्नुपर्ने आवश्यकता हुन्छ भनी हामी कसरी थाहा पाउने ?
- यी सीमाहरुमा सहमति गर्नुहोस् र त्यसमा सँगै प्रार्थना गर्नुहोस् ।
- भावी असमझदारी हटाउनका लागि, के हाम्रो आपसी सहमतिलाई लेखेर राख्नु उचित हुन्छ ?

**३.आधारभूत सीप तीन : मेन्टोरिङ्ग  लिने व्यक्तिको वोलावट र आवश्यकतालाई कसरी मूल्याङ्कन गर्ने ?**

- प्रार्थना गर्नुहोस् । परमेश्वरले मात्र वास्तवमा कुनै व्यक्तिको हृदय जान्नुहुन्छ र तपाईंलाई कहाँ कसरी काम गर्न भनी देखाउनुहुन्छ ।
- सेवकको मनस्थितिमा आफूलाई समर्पण गर्नुहोस् । मानवीय व्यवहार/आचरणलाई अप्राकृतिक तरीकाले (cloming) वृद्धि गर्ने वा केवल विषयवस्तुलाई रटाउने परीक्षाबाट जोगिनुहोस् । तपाईंको उद्देश्य चाहिँ एक अर्कालाई सेवा गर्ने र तपाईंको जीवनमा प्रभुको उद्देश्य पूरा गर्नु हो । यसको अर्थ हो, व्यक्तिको हृदयका कुराहरु खोज्नु, उनीहरुमा वृद्धिका वास्तविक आवश्यकताहरु मूल्याङ्कन गर्नु र साँचो परिवर्तन ल्याउन खीष्टमा भरोसा गर्नु ।
- सम्बन्धहरु, सम्बन्धहरु, केवल सम्बन्धहरुको केवल सम्बन्धहरुको विचार गर्नुहोस् । तपाईंको आफ्नो सम्बन्ध बनाउनुहोस् र उनीहरुको मुख्य सम्बन्धहरु समयन्तरमा अवलोकन गर्नुहोस् ।
- सम्बन्धहहरुमा भएका सामान्य प्रवृत्ति वा शैलीको खोजी गर्नुहोस् । कुरा घरिघरि आउँछ ? उदाहरणः कसैले मानिसहरूप्रति असंवेदनशील वा वढी नियन्त्रण गर्ने शैली प्रदर्शन गर्न सक्छ।
- स्व-मूल्याङ्कन र व्यक्तिगत मनन गर्नलाई उत्साहित तुल्याउने उत्प्रेरक प्रश्नहरु सोधेर तपाईंको उत्सुकतालाई प्रयोग गर्नुहोस् ।
- प्रत्येक व्यक्तिको जीवनमा परमेश्वरको अनुपम वोलावट र योजना के हो ? ऊ परमेश्वरको हातको सीप हो ।
- नियमित शैलीमा ध्यान दिएर सुन्नुहोस् ।
- विश्लेषण गर्नुहोस् : हाम्रो जीवन कहाँ सुसमाचारसँग मेल खाँदैन ? परमेश्वरको बारेमा के कुरा हामीले विश्वास गरिरहेका छैनौं ? हाम्रा आफ्नै, परमेश्वर, हाम्रो जीवन र कामको बारेमा के कस्ता झुटा कुराहरु विश्वास गरेका छौं ? कस्ता संवेग र अभिप्रायले हामीलाई हाँकिरहेको छ ?

**४.आधारभूत सीप चार : मेन्टोरहरु कसरी पत्ता लगाउने ?**

- तपाईंलाई मेन्टोर (हरु) जुटाइदिनुहोस् भनी परमेश्वरसँग प्रार्थनामा माग्नुहोस् ।
- सिक्न इच्छुक हुनुहोस् । परमेश्वरले तपाईंको निम्ति चाहनुभएको जुन प्रकारको वृद्धि र परिवर्तन छ, सोको निम्ति के तपाईं साँच्चै तयार हुनुहुन्छ ?
- तपाईंको जीवनमा सहायताको आवश्यकता परेका क्षेत्रहरु पहिचान गर्नुहोस् ।
- मेन्टोरहरुको सम्भाव्य स्रोतहरुको बारेमा छलफल गर्नुहोस् । (तपाईंले भरोसा गर्ने व्यक्तिहरुसँग सोध्नुहोस्)
- सम्बन्ध स्थापित गर्न मानिसहरुसँग समय विताउनुहोस् ।
- निम्न प्रश्नहरु आफैलाई सोध्दै प्रार्थनासाथ अरुहरुको मूल्याङ्कन गर्नुहोस् :
  - ✓ के हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँसँग हिँड्छौं ?
  - ✓ के हाम्रा प्राथमिक सम्बन्धहरु ठीक क्रममा छन् ? (श्रीमान्/श्रीमती, छोराछोरी, छिमेकी, कार्यक्षेत्रका सहपाठी आदि)
  - ✓ के हामीलाई सहायताको आवश्यकता परेका जीवनका क्षेत्रहरुमा हामी योगदान पुऱ्याउन सक्छौं ?
  - ✓ के हामी सिकाइएका कुरा सिक्न इच्छुक छौं ? के हामी एकअर्काको जीवनमा योगदान पुर्याउने अनुमती दिन्छौं
  - ✓ के हाम्रा हृदयमा एकअर्काप्रति सर्वश्रेष्ठ चाहनाहरु छन् ?
  - ✓ के हामी एकअर्कालाई भरोसा गर्न सक्छौं ?
  - ✓ के हामी वास्तविकरुपमा अरुहरुका सेवक-अगुवाहरु हौं (कि हामी क्रूरतासाथ व्यवहार गर्छौं) ?
  - ✓ के हामी मेन्टोरिङ्गको जिम्मेवारी लिन इच्छुक छौं ?

- तपाईंलाई मेन्टोरिङ्ग दिन अरुहरुलाई निमन्त्रणा गर्नुहोस् । यदि सो व्यक्तिले स्वीकार गरेमा, तपाईंको मेन्टोरिङ्गको सम्बन्धका सीमाहरुमा सहमति कायम गर्नुहोस् (सीप २ हेर्नुहोस्)

## खण्ड ४ - खीष्ट - सदृश अगुवाहरूको अभियान विकास गर्ने
## सबैस“ग संगठित भएर काम गर्ने

परमेश्वरले तपाईंलाई संलग्न गराउनुभएको सेवा र तपाईंको आफ्नै जीवनको बीचमा सँगसँगै संगठित संयुक्त रुपले काम गर्नुपर्ने समय आएको छ ।

**हस्तान्तरण** गर्नु तालिमको अन्तमा हाम्रो लक्ष्य तपाईंको निम्ति एक **कार्ययोजना** हुनु हो, जसले तपाईंलाई अहिले भएको ठाउँबाट तपाई जे हुन चाहनुहुन्छ सो ठाउँसम्म पुर्‍याउँछ । हामीले संक्षिप्त रुपले अध्ययन गरेका विषयवस्तुहरु र अभ्यासहरुलाई पुनरावलोकन गर्न चाहन्छौं ।




- खीष्ट-सदृश अगुवा आमूल परिवर्तनकारी महत्व र मेन्टोरिङ्गको परिभाषालाई पुनरावलोकन गर्नुहोस् ।

- यदि तपाईंले यी सिद्धान्तहरुमा जिउने निश्चय गर्नुभयो भने, तपाईं र तपाईंको हालको सेवामा के कस्ता व्यवहारिक अर्थहरु लाग्छ ?

- तपाईं आफैलाई जवाफदेही बनाउन सुझाव र प्रार्थनाको निम्ति यो योजना तपाईं को सँग बाँड्न सक्नुहुन्छ ?

**हाम्रो मिशन** : येशूजस्तै अगुवाइ गर्ने अगुवाहरु तयार पार्ने

**हाम्रो तरीका** : येशूले नमूना दिनुभएझैं मेन्टोरिङ्ग सेवा गर्ने ।

**हाम्रो दर्शन** : हरेक विश्वासी समुदायको निम्ति प्रभावकारी अगुवाहरु र हरेक अगुवाको निम्ति प्रभावकारी खीष्ट- सदृश मेन्टोर ।

## “ह्दय-१-२-३” उपाय

तपाईंले यसपछि के गरेको परमेश्वर चाहनुहुन्छ भनी योजना गर्ने काम सुरु गर्न हामी एउटा व्यवहारिक उपाय सुझाव गर्छौं । यो साधारण चित्रले व्यक्तिहरुको नामहरुको बारेमा छलफल गर्न मद्दत गर्छ ।



## शुरू गर्नका लागि कदमहरु

सुरु गर्नका लागि सुझाव गरिएका यी कदमह रु पूरै राम्रोसँग पढ्नुहोस् । तपाईंको टिप्पणी र अवलोकनहरु दायाँपट्टिको पंक्तिमा लेख्नुहो स् ।

१.**प्रार्थना गर्नुहोस्** र परमेश्वरलाई भन्नुहोस् कि तपाईं मेन्टोरिङ्ग सेवा गर्न उपलव्ध हुनुहुन्छ । उहाँसँग छनोट गर्ने बुद्धि माग्नुहोस्- लूका ६: १२,१३ ।
तलका प्रत्येक कदममा प्रार्थना केन्द्रिय विषय हो ।

२.**मेन्टोरिङ्ग गर्नको निम्ति अघिल्लो पृष्ठबाट**
एक वा वढी व्यक्तिहरु **छान्नुहोस्** । 'विश्वासयोग्य व्यक्तिहरु' खोज्नुहोस्- २ तिमोथी २:२;
लूका १६:१०-१२

३. मेन्टोरिङ्ग लिने व्यक्ति (हरु) सँग नियमित रुपले **समय** विताउनुहोस् - तपाईंको सम्बन्ध स्थापित गरेर, नमूनाको खीष्टियन जीवन जिएर र उनीहरको वृद्धिको आवश्यकतामा गहन ज्ञान प्राप्त गरेर - १थेसलोनिकी २:७-१२

- केवल सँगै हुनुहोस् । एक-अर्काका घरमा, कार्यक्षेत्रहरुमा पुग्नुहोस्
- सँगै मनोरञ्जन गर्नुहोस् ।
- 'उनीहरुलाई फैलिन दिनुहोस्' जस्तै- सेवा गर्न तपाईंसँगै लानुहोस् ।
- एक अर्कासँग तपाईंका व्यक्तिगत कथाहरु बाँड्नुहोस् ।

नोट : तपाईं आफैलाई अति वढी प्रयोग हुनमा होशियार हुनुहोस् । मेन्टोरिङ्ग सेवा सम्बन्धगत रुपले अति गहन/संघन र समय माग गर्ने हुन्छ ।

४.उनीहरुलाई राम्रोसँग सुनेर बलिया प्रश्नहरु सोधेर उनीहरुलाई कुरा गर्न **उत्साहित तुल्याउनुहोस्** । उनीहरुको सम्बन्धमा कुनै अस्वस्थ शैली छ कि भनी विशेषरुपले हेर्नुहोस् ।

५.**परमेश्वरके वचन सँगसँगै पढ्नुहोस् :** उनीहरुका जीवनमा आवश्यकताका प्रमुख क्षेत्रहरुमा परमेश्वरका उत्तरहरु खोज्नुहोस् ।

६.सेवामा उनीहरुका **आत्मिक वरदानहरुलाई** प्रयोग गर्नुहोस् र उनीहरुलाई मुल्याङ्कन गर्न मद्दत गर्नुहोस् ।

७.उनीहरुको जीवनमा परमेश्वरको सेवासम्बन्धी बोलावट र दर्शन छुट्टाउन उनीहरुलाई मद्दत गर्नुहोस् । त्यो सेवामा उनीहरुलाई अनुमति दिनुहोस् ।
नोट : आमूल परिवर्तनकारी सिद्धान्तहरुको सम्बन्धगत क्षेत्रहरुलाई विचार गर्नुहोस् ।

८.उनीहरुको **कमजोर क्षेत्रहरुको** सामना गर्न र बढ्न मद्दत गर्नुहोस् उनीहरुका बरदानहरु प्रयोग गर्न र उनीहरुको वोलावट पूरा गर्ने बाटोमा आइपर्ने विषयहरु ।

९.परमेश्वरले उनीहरुलाई जे प्रकट गरिरहनु भएको छ, सो प्रति उनीहरुलाई जिम्मेवार बन्न मद्दत गर्नुहोस् । सम्झनुहोस्, यो परमेश्वरको विषय हो जसको निम्ति उनीहरु जिम्मेवार हुनुपर्छ, तपाईंको निम्ति होइन ।

१०.निरन्तर प्रार्थना, उत्साह, सल्लाह-सुझाव, र मित्रताको निम्ति आफूलाई उपलव्ध पार्नुहोस् - औपचारिक मेन्टोरिङ्ग सेवाको समाप्ति पछि पनि ।
नोट : तपाई कुनै क्षेत्रमा त्यति बलियो हुनुहुन्न भने, अरु कसैसँग सम्बन्ध मिलाइदिनुहोस् जसले तपाईंले मेन्टोरिङ्ग गरिरहनु भएको व्यक्तिको जीवनमा योगदान पुर्‍याउन सक्छ ।

## कार्य- योजना कक्षा

यो हप्ताको अवधिमा तपाईंको जीवनमा परमेश्वरले बोल्नु महत्वपूर्ण व्यक्तिगत सन्देशहरु के के थिए?

१.

२.

३.

तपाईंका मेन्टोरिङ्गका सम्भाव्य सम्बन्धहरु के के हुन् ?

१.

२.

३.

तपाईंको स्वर्गीय मेन्टोर (पवित्र आत्मा) को सहयोगमा, तपाईंको मेन्टोरिङ्ग जीवन शैली सुरु वा वृद्धि गर्न तपाईंको निम्ति कुन कुराहरुलाई जरुर ध्यान दिनुपर्ने आवश्यक छ ?

१.

२.

३.

(तपाईंका परिवारका सदस्यहरु लगायत) ?

- उही उमेर वा स्तरका मेन्टोर (हरु) ____________________ ____________________
- 'तिमोथीहरु' ____________________ ____________________
- 'पावलहरु' ____________________ ____________________

तपाईंको मेन्टोरिङ्ग सेवा सुरु वा वृद्धि गर्न वा अरुद्वारा मेन्टोरिङ्ग पाउन तपाईंले गर्न सक्ने धेरै कुराहरुको सूची बनाउनुहोस्

१.

२.

३.

अब तपाईं आफ्नो सेवा वा संस्थाको टोलीसँगै जम्मा हुनुहोस् । पूरारुपले विचार गर्नुहोस् र निम्न प्रश्नहरुप्रति तपाईंको उत्तरहरु लेख्नुहोस् :

यो हप्ताभरि तपाईंको जीवनमा परमेश्वरले बोल्नुभएको सबैभन्दा महत्वपूर्ण संस्था सम्बन्धी सन्देश के के थिए ?

१.

२.

३.

अगुवाहरुको हैसियतमा परमेश्वरले तपाईंलाई गर्नुभएका कुराहरुलाई कार्यमा उतार्न के कस्ता प्राथमिक संस्थागत अवरोधहरु छन् ?

१.

२.

३.

तपाईंको स्वर्गीय मेन्टोर (पवित्र आत्मा) को सहयोगमा, मेन्टोरिङ्गको वातावरणतर्फ उन्मुख गर्न वा वृद्धि गर्न तपाईंको संस्थाको निम्ति जरुर ध्यान दिनुपर्ने के के कुराहरु हुन् ?

तपाईंको संस्थामा मेन्टोरिङ्गको सेवा वृद्धि गर्न वा सम्भाव्यरुपले सुरु गर्न तपाईंको संस्थाले गर्न सक्ने धेरै उपायहरु (योजनाहरु) को सूची बनाउनुहोस्

१.

२.

३.

# परिशिष्ट

## पूर्ण परिवर्तनका मान्यता तथा व्यक्तिगत मूल्याङ्कन
## जीवन र अगुवापन मूल्याकंनको साधन

तल दिइएको पाँचवटा पूर्ण परिवर्तनका मान्यताहरूका आधारमा आफ्नो सोचाईमा, मूल्यहरूमा र बानी वा व्यवहारहरूमा तपाई कहाँ हुनुहुन्छ, मूल्याकंन गर्नुहोस् । मध्य भागको दायाँ र बायाँ दिईएको विवरण पढी १ देखि १० सम्मका अंकहरूमा तपाईलाई उचित लाग्ने अंकमा गोलो चिन्ह लगाउनुहोस्, जुन वाक्याशंले तपाई कहाँ हुनुहुन्छ भनी बताउँदछ । उदाहरणका लागि तलको पहिलो विवरण अनुसार यदि तपाईले १ मा गोलो चिन्ह लगाउनु भयो भने तपाईको अधिकाशं भाग देब्रे तिर छ वा आफ्नो राज्य बनाउने कुरामा, १० मा गोलो चिन्ह लगाउनु भयो भने तपाईको समय त्यतैबढी छ याने कि परमेश्वरको राज्य बनाउने कुरामा र ५ मा लगाएमा तपाई बिच भागमा वा आधा जति आफ्नो राज्य र आधा जति परमेश्वरको राज्य बनाउने कुरामा हुनुहुन्छ । यति गरिसकेपछि हरेक पेजको अन्तमा दिइएको प्रश्नहरूको उत्तर दिंदा एक मान्यताबाट अर्को मान्यतामा कसरी सर्दै हुनुहुन्छ सो विचार गर्नुहोस् ।

| मेरो राज्य बनाउँदै | देखि | परमेश्वरको राज्य बनाउँदै |
|---|---|---|
| परमेश्वरको राज्य भनेको के हो र यसका मूल्यहरू के के हुन् मलाई स्पष्ट थाहा छैन । | परमेश्वरको राज्यप्रतिको मेरो बुझाई १-२-३-४-५-६-७-८-९-१० | ओहो ! मैले देखेको छु र म जुनसुकै मूल्य चुकाउनु परेतापनि परमेश्वरको राज्य बनाउन चाहन्छु । |
| मेरो दृष्टिकोणमा, मेरो सेवकाई, व्यापार, मण्डली र परिवार आदि कुराहरू परमेश्वरले मलाई दिनुभएको हो । | स्वामित्व १-२-३-४-५-६-७-८-९-१० | यि सबै कुराहरू उहाँकै अधिनमा छन् । उहाँले दिनुहुन्छ र लैजान पनि सक्नुहुन्छ । म सधैं उहाँको नाउँलाई धन्यको भन्ने छु । |
| मलाई लाग्छ, मेरो सेवकाईले गर्दा म राम्रो देखिन्छु र यसले मेरो प्रतिष्ठा बढाउँछ । | महिमा/गौरव १-२-३-४-५-६-७-८-९-१० | किनकि उहाँ एकमात्र परमेश्वर हुनुहुन्छ, सबैकुरा उहाँकै हुन् । उहाँ जहाँ भए पनि म उहाँसँगै हुन चाहन्छु । |
| सफलताको श्रेय म आफैंले लिन्छु र असफलताको दोष अरूले लिए हुन्थ्यो भन्ने चाहान्छु । | सफलता र असफलता १-२-३-४-५-६-७-८-९-१० | सबै सफलताको श्रेय म परमेश्वरलाई दिन्छु तर असफलता वा गल्तीहरूको मेरो हिस्सा म लिन्छु । |
| मैले मेरो सम्पूर्ण शक्ति र समय आफ्नो राज्य बनाउनमा लगाएको छु । | प्राथमिकता १-२-३-४-५-६-७-८-९-१० | मैले मेरो सम्पूर्ण समय र शक्ति ख्रीष्टको राज्य विस्तारको निम्ति खर्चेको छु । |
| मलाई मेरो समय र स्रोतलाई सहकार्यमा लगाउने इच्छा छैन । मलाई लाग्छ प्रतिस्पर्धा नै उत्कृष्टताको साँचो हो । | सहकार्य वा साझेदारी १-२-३-४-५-६-७-८-९-१० | म यो गर्छु किनकि परमेश्वर त्यहाँ आशिष दिनु हुन्छ जहाँ बढी प्रतिफलका लागि उहाँको शरीर मण्डली मिलेर काम गर्दछ । |
| प्रार्थनालाई प्राथमिकता दिनु त असल विचार हो तर म अत्यन्त व्यस्त छु । | प्रार्थनाको प्राथमिकता १-२-३-४-५-६-७-८-९-१० | धेरै बाधाहरूका कारणले गर्दा मैले प्रार्थनालाई मेरो पहिलो प्राथमिकता बनाउन सकेको छैन् । |
| जुन सेवकाईको लागि म बोलाइएको हुँ सो पूरा गर्न मैले आफैंलाई दिएको छु । | आशा वा अपेक्षा १-२-३-४-५-६-७-८-९-१० | म हाम्रा मानिसहरुका आशा परमेश्वरको महान राज्य विस्तारको अपेक्षा सँगसँगै मिलेर अघि बढोस् भनेर सिकाउँछु । |
| तपाईको औसत अंक ⇨⇨ | औसत --------- | ⇨⇨ म यहाँबाट कहाँ जाने ? |

आफैंलाई नियालौं:

- परमेश्वरको राज्य विकासको पूर्ण परिवर्तनको लक्ष्यमा केन्द्रित रही तपाईको आफ्नै मूल्याकंनअनुसार परमेश्वरले तपाईलाई कुन क्षेत्रमा सुधार वा विकासका लागि बोलाउँदै हुनुहुन्छ ?
- अनुग्रहको सुसमाचारबाट टाढारहेकाहरुलाई ध्यानमा राखी यो विचार गर्नुहोस् कि तपाईले महशुस गरेका माथिको सुधारले कसरी पूर्ण परिवर्तनको लक्ष्यसँग मेल खान्छ ?
- के कुराले तपाईलाई आफ्नै राज्य बनाउने कुरामा अड्काई राखेको छ ? के डर, विगतको अनुभव, कुनै तनाव वा दवाव ? हाम्रो संस्कृतिको कुन कुरा परिवर्तनको बाधक बन्छ ?
- तपाईको जीवनको साँचो पश्चाताप के हुन सक्छ ? तपाईको जीवनशैली, सेवकाई अथवा अगुवापनमा कस्तो ठोस परिवर्तनको सुरूवातको आवश्यकता देख्नुहुन्छ ?

| अनुमति पत्र अथवा वैद्यता | देखि | अनुग्रहको सुसमाचार |
|---|---|---|
| मलाई लाग्छ, परमेश्वर टाढा, अस्पष्ट, वर्तमानसँग नमिल्ने, खुशीपार्न नसकिने एक शिक्षक हुनुहुन्छ । | परमेश्वर प्रतिको दृष्टिकोण १-२-३-४-५-६-७-८-९-१० | परमेश्वर मेरा प्रिय पिता हुनुहुन्छ, जसले आफ्नै पुत्र प्रभु येशूको मृत्युद्वारा मलाई उद्दार गर्नु भयो र आफ्नै बनाउनु भयो । |
| दीगो जीवन परिवर्तनका माध्यमले परमेश्वरलाई खुशी पार्न अत्यन्त कठिन छ । | वृद्धि १-२-३-४-५-६-७-८-९-१० | वास्तविक परिवर्तनका लागि येशूलाईनै सबै भन्दा बढी विस्वास गर्नु पर्छ । |
| परमेश्वरको अगाडि म एक असफल र दोषीको रूपमा निरन्तर सर्घष गरिरहेको छु । | क्षमादान १-२-३-४-५-६-७-८-९-१० | मेरो परमेश्वर र मुक्तिदाताद्वारा क्षमा र गहिरो माया पाईरहेको अनुभव गर्दछु । |
| पवित्रतामा बाँच्ने कुरा त्यति महत्वको होइन वस्तवमा मानिस न हो, गल्ती गरी हाल्छ । | पवित्रताको जीवन १-२-३-४-५-६-७-८-९-१० | पवित्रताको जीवन एकदम महत्वपूर्ण छ र हामी आत्माद्वारा हिडेमा मात्र यो सम्भव छ । |
| बाहिरबाट हेर्दा, म एउटा टुहुरो बालक जस्तो अनुभव गर्दछु । | लाज र पहिचान १-२-३-४-५-६-७-८-९-१० | भित्रबाट अरुलाई निम्त्याउँदा, म एउटा परमेश्वरको एकदम पृय बालक भएको महशुस गर्दछु । |
| जाँतोमा पिसिए झैं जीउनका लागि हामीलाई नियमको आवश्यक छ । | नियम/कानुन १-२-३-४-५-६-७-८-९-१० | लगातार क्रुसको समिपमा ल्याउनका लागि हामीलाई परमेश्वरको (मानिसको नियम होइन) नियमको आवश्यकता छ । |
| पवित्र आत्मा भनेको के हो र उहाँसँग कसरी हिडने भन्ने कुराको मलाई खासै व्यवहारिक ज्ञान छैन् । | पवित्र आत्मा १-२-३-४-५-६-७-८-९-१० | म ख्रीष्ट येशूसँगको अमूल्य सामिप्यमा उहाँ आत्मामा म र मेरो जीवनमा हुनु भएको जानेर खुशीहुन सिक्दै छु । |
| इमान्दारीपूर्वक भन्ने हो भने म ममा भएका दान वरदान, क्षमता तथा मेरा सफलतामा गर्व गर्छु । | मेरो घमण्ड (१) १-२-३-४-५-६-७-८-९-१० | मलाई गर्व लाग्छ कि, खीष्टले मेरो लागि महंगो मूल्य चुकाएर मलाई उहाँको परिवारको हिस्सा बनाउनु भएको छ । |
| अरूसँग तुलना गर्दा, म प्राय: मेरो दान वरदान, क्षमता र सफलता प्रति एकदमै लज्जित हुने गर्दछु । | मेरो घमण्ड (२) १-२-३-४-५-६-७-८-९-१० | उहाँको प्यारो बालकको रूपमा, विस्वासद्वारा ममा र मद्वारा भएर खीष्टले के गर्नुहुन्छ भन्ने कुरा सिक्न पाउँदा मलाई गर्व लाग्छ । |
| सफल सेवकाई तबमात्र हुन्छ जब म पूरा शक्तिले अगुवाई गर्दै सेवा गर्दछु । | दु:ख/ पिडा १-२-३-४-५-६-७-८-९-१० | जोखिम र कमजोरीमै रहेर गरिने नेतृत्व र सेवाद्वारा महत्वपूर्ण सेवकाई हुन्छ । |
| मैले सधै अनुभव गरेको यो हो कि प्रार्थना परमेश्वरलाई खुशीपार्न गर्नैपर्ने एक बोझिलो काम हो । | प्रार्थना प्रतिको धारणा १-२-३-४-५-६-७-८-९-१० | परमेश्वर पिता र उहाँको पुत्रसँगको प्रेमपूर्ण सम्बन्धमा पवित्रआत्मासँग भएर प्रार्थना गर्न पाउनु यो एक विशेष अवसर हो । |
| तपाईको औसत अंक ⇨⇨ | औसत ---------- | ⇨⇨ म यहाँबाट कहाँ जाने ? |

आफैंलाई नियालौं

- अनुग्रहको सुसमाचार बिनाको जीवनबाट पूर्ण परिवर्तनको लक्ष्यमा केन्द्रित रही तपाईको आफ्नै मूल्याकंनअनुसार परमेश्वरले तपाईलाई कुन क्षेत्रमा सुधार वा विकासका लागि बोलाउँदै हुनुहुन्छ ?
- यो विचार गर्नुहोस् कि तपाईले महशुस गरेका माथिको सुधारले कसरी पूर्ण परिवर्तनको लक्ष्यका अन्य क्षेत्रसँग मेल खान्छ ?
- के कुराले तपाईलाई वैद्यता दिने कुरामा अड्काई राखेको छ ? के डर, विगतको अनुभव, कुनै तनाव वा दवाव ? हाम्रो संस्कृतिको कुन कुरा परिवर्तनको बाधक बन्दैछ ?
- तपाईको जीवनको साँचो पश्चाताप के हुन सक्छ ? तपाईको जीवनशैली, सेवकाई अथवा अगुवापनमा कस्तो ठोस परिवर्तनको सुरूवातको आवश्यकता देख्नुहुन्छ ?

| शक्ति र पदमुखि नेतृत्व | देखि | सेवकपनमा नेतृत्व |
|---|---|---|
| सेवकाईमा क्रममा जब काम वा सम्बन्ध भन्ने कुरा आँउछ म कामलाई बढी प्राथमिकता दिन्छु । | सम्बन्ध कि काम<br>१-२-३-४-५-६-७-८-९-१० | सेवकाईमा हाम्रो सम्बन्ध नै एक अभिभाज्य अंग हो र मानिसहरूसँगको एकताले सुसमाचारमा प्रतिफल पाइन्छ । |
| मेरो कार्य विवरण, पद र संस्थाको संस्थागत संरचनाका आधारमा म मेरो नेतृत्वको अधिकारको सिमाङ्कन गर्छु । | अधिकार<br>१-२-३-४-५-६-७-८-९-१० | मेरो अधिकार विश्वास, सम्बन्ध, इमान्दारिता र सेवकाईका आधारमा पाइने आत्मिकी अधिकारमा भर पर्दछ । |
| सम्मान मुख्यत मेरो कार्यालय र मैले पाएको पदबाट नै आउँछ । | सम्मान<br>१-२-३-४-५-६-७-८-९-१० | ख्रीष्ट, उहाँको राज्यको उद्देश्य र उहाँका छोराछोरीहरूलाई गरेको सेवाबाट सम्मान कमाइन्छ । |
| मैले नेतृत्व गरेको समूहले गरेको असल कामबाट पाउनु पर्ने स्यावासी प्राप्त गर्नु नै मेरो सफलता हो । | नेतृत्वमा सफल<br>१-२-३-४-५-६-७-८-९-१० | मेरा सहकर्मीहरू सुसज्जीत र शसक्त भई, हामीसँगै मिली उहाँको काम गर्नु र उहाँको महिमा हुनु नै सफलता हो । |
| अगुवाकोरूपमा, हाम्रो कामको प्रत्येक क्रियाकलापमा सुनिश्चित सफलताका लागि आवश्यक मानिसहरुलाई प्रयोग गरी प्रत्यक्ष नियन्त्रण राख्ने कोशिस गर्छु । | नियन्त्रण (१)<br>१-२-३-४-५-६-७-८-९-१० | नियन्त्रण परमेश्वरमा केन्द्रित छ । जो आफ्नो कार्यप्रति विस्वासयोग्य छन्, उनीहरुको विकास र वृद्धि गर्दै म परमेश्वरसँग सहकार्य गर्न खोज्दछु । |
| मेरा कर्मचारीहरूबीचका संचार तथा अन्य महत्वपूर्ण निर्णयहरूका सबै संचार मैले नै गरेको मलाई मनपर्छ । | नियन्त्रण (२)<br>१-२-३-४-५-६-७-८-९-१० | म निर्णय प्रक्रियालाई विकेन्द्रित गर्दछु र विश्वास योग्य समूहले पारित गरेका योजना अनुसार काम गर्न सबै स्वतन्त्र छन् । |
| हाम्रो समूहका सबै र अझ बाहिरबाट आएका मानिसहरुले समेत नेतृत्व यसको हो र यो इन्चार्ज हो भन्ने चिनुन् भन्ने पक्का गर्न चाहान्छु । | नेतृत्वमा को ?<br>१-२-३-४-५-६-७-८-९-१० | कुनै खास कामका लागि कुनै खास व्यक्तिमा नेतृत्वको खुबी हँदा हुँदै पनि साझा नेतृत्वको आवधारणा व्यवहारमा ल्याई यो यसको अगुवा हो भनी चिन्न बाहिरका मानिसलाई गाह्रो पर्दछ । |
| अगुवाको हैसियतले मेरो भूमिकानै मानिसलाई प्रभाव पार्नु हो र सकेसम्म धेरै मानिसलाई खुशी पार्दै नेतृत्व गर्दछु । | मानिसलाई खुशी पार्नु<br>१-२-३-४-५-६-७-८-९-१० | ख्रीष्ट, उहाँको राज्य र उहाँका मानिसको सेवागर्दा कठिन निर्णयहरू लिनुपर्ने हुन्छ, जसले गर्दा कोही खुशी नहुन सक्दछन् । |
| वास्तवमा म मातहतका मानिसहरुका लागि एकदम कम समय मात्र प्रार्थनामा विताउने गर्दछु । | प्रार्थना सहितको नेतृत्व<br>१-२-३-४-५-६-७-८-९-१० | मेरो नेतृत्वमा रहेकाहरू परमेश्वरमा साहसी र सशक्त बन्न सकुन भनी उनीहरुसँग रहेर निरन्तर प्रार्थना गर्दछु । |
| तपाईको औसत अंक ➪➪ | औसत-------- | ➪➪ म यहाँबाट कहाँ जाने ? |

आफैंलाई नियालौं

- सेवकपनको नेतृत्व सहित पूर्ण परिवर्तनको लक्ष्यमा केन्द्रित रही तपाईको आफ्नै मूल्याकंनअनुसार परमेश्वरले तपाईलाई कुन क्षेत्रमा सुधार वा विकासका लागि बोलाउँदै हुनुहुन्छ ?
- अनुग्रहको सुसमाचारबाट टाढारहेकाहरुलाई ध्यानमा राखी यो विचार गर्नुहोस् कि तपाईले महशुस गरेका माथिको सुधारले कसरी पूर्ण परिवर्तनको लक्ष्यका अन्य क्षेत्रसँग मेल खान्छ ?
- के कुराले तपाईलाई शक्ति र पदमुखि नेतृत्वका कुरामा अड्काई राखेको छ ? के डर, विगतको अनुभव, कुनै तनाव वा दवाव ? हाम्रो संस्कृतिको कुन कुरा परिवर्तनको बाधक बन्दैछ ?
- तपाईको जीवनको साँचो पश्चाताप के हुन सक्छ ? तपाईको जीवनशैली, सेवकाई अथवा अगुवापनमा कस्तो ठोस परिवर्तनको सुरूवातको आवश्यकता देख्नुहुन्छ ?

| एकल र स्व-सम्पन्न | देखि | समूहकार्य र समूदाय |
|---|---|---|
| समूहकार्यको मूल्य अत्यधिक हुने मैले पत्ता पाएँ । हामी हरेकमा आफ्नो काम आफैं गर्ने जस्ता मितव्ययी पनका स्वाभाविक गुण छन् । | सहकार्य<br>१-२-३-४-५-६-७-८-९-१० | मिलेर काम गर्नाले प्रभावकारिता बढदछ, साथै परमेश्वर खुशी हुनुहुन्छ र समूहलाई आशिष दिनु हुन्छ । मेरो निम्ति समूहकार्य यसको लागत भन्दा महत्वपूर्ण छ । |
| एक असल अगुवा एक्लै हुन्छ । म व्यक्तिगतरुपमा परमेश्वरप्रति जवाफदेही छु र उहाँमा मात्र मेरो सुरक्षा छ भनी विस्वास गर्दछु । | एक्लोपन<br>१-२-३-४-५-६-७-८-९-१० | अगुवाकोरुपमा, म सेवकाईको प्रभावकारिताको लागि मात्र होइन, सुरक्षा र वृद्धिका लागि पनि समूह कार्यलाई मूल्यको ठान्दछु । |
| अगुवा भैसकेपछि कमजोरी देखाउने गर्नुहुँदैन नत्रता कमजोरी देखेर मानिसहरुले पछ्याउन छोड्छन् । | कमजोरीपन<br>१-२-३-४-५-६-७-८-९-१० | जोखिम, डर तथा पारदर्शिताद्वारा समुदाय र परमेश्वरको शक्ति देखाउन म कोशिस गर्दछु । |
| एक अगुवाकोरुपमा, हाम्रो मिसनलाई अगाडि बढाउन चाहिने स्रोत र दिनु पर्ने जवाफ मसँग होस् भनेर कोशिष गर्दछु । | सबै विषयमा दक्ष<br>१-२-३-४-५-६-७-८-९-१० | एक अगुवाकोरुपमा म टिमको खाँचो महशुस गर्दछु कि हामीलाई प्राप्त सबैको बरदान एकसाथ मिलाउनाले सफलता पाइन्छ । |
| एक अगुवाको हैशियतले मेरो सफलताले म सम्मान पाउन सक्छु, यसले स्वभाविक रुपमा राम्रो प्रतिष्ठा र नयाँ रेकर्ड कायम गर्छ । | सम्मान<br>१-२-३-४-५-६-७-८-९-१० | एक असल अगुवाले प्रत्येक सफलताका निम्ति परमेश्वरलाई महिमा र समूहलाई जस वा प्रशंसा दिन्छ । |
| अगुवा भएको मलाई थाहा छ कि आजको सेवकाईको सफलताले भोलिका लागि ठूलो अवसरको ढोका खोल्छ । | व्यक्तिको प्रगति<br>१-२-३-४-५-६-७-८-९-१० | मेरो प्रगति परमेश्वरको हातमा राख्दछु, यो जानेर कि उहाँले सेवकाईको क्षेत्र दिनुहुन्छ र हामीलाई पूर्ण विस्वाससाथ रही विस्वास योग्य रही काम गर्न अह्राउनु हुन्छ । |
| हाम्रो समूहमा, प्रत्येकले सुरक्षित नकाव लगाएको जस्तो देखिन्छ । यसलाई खोल्दा हामी सुरक्षित महसुस गर्दैनौं । | सुरक्षित स्थान<br>१-२-३-४-५-६-७-८-९-१० | हाम्रो समूहबीच असल सम्बन्धका कारण सुरक्षित स्थान बनिरहेकोछ, जहाँ हामीसबै हाम्रा कमजोरीहरु देखाउन वा भन्न सक्छौं । |
| म चाहन्छु हरेक व्यक्ति आफ्नै प्रकारले जीओस् । हामी हरेकको अ-आफ्ना संगतिका अर्को ठाँउहरु छँदै छन् त । | सहयोगी परिवार<br>१-२-३-४-५-६-७-८-९-१० | हाम्रो समूह परिवार जस्तै बन्दै छ, व्यक्तिगतरुपमा आत्मिकी वृद्धिका लागि हामी एक अर्कालाई साच्चि नै सहायता गर्छौं । |
| हामी मुस्किलैले सँगै प्रार्थना गर्दछौं । प्रार्थना गरिहाले पनि यो दिक्क लाग्दो र प्रभावहिन पाउँछु । यसलाई कसरी राम्रो बनाउने मलाई थाहा छैन् । | प्रार्थनाको समूह<br>१-२-३-४-५-६-७-८-९-१० | प्रार्थनाले अवस्था बदल्छ, यसैले यसलाई हाम्रो समूहको प्राथमिकतामा राखेका छौं । हामी मिलेर निरन्तर एक अर्काका निम्ति प्रार्थना गर्दछौं । |
| तपाईको औसत अंक ⇨⇨ | औसत ——— | ⇨⇨ म यहाँबाट कहाँ जाने ? |

आफैंलाई नियालौं

- समूहकार्य र समूदायका आधारमा पूर्ण परिवर्तनको लक्ष्यमा केन्द्रित रही तपाईको आफ्नै मूल्याकंनअनुसार परमेश्वरले तपाईलाई कुन क्षेत्रमा सुधार वा विकासका लागि बोलाउँदै हुनुहुन्छ ?
- अनुग्रहको सुसमाचारबाट टाढारहेकाहरुलाई ध्यानमा राखी यो विचार गर्नुहोस् कि तपाईले महशुस गरेका माथिको सुधारले कसरी पूर्ण परिवर्तनको लक्ष्यका अन्य क्षेत्रसँग मेल खान्छ ?
- के कुराले तपाईलाई एकल र स्व-सम्पन्नका कुरामा अड्काई राखेको छ ? के डर, विगतको अनुभव, कुनै तनाव वा दवाव ? हाम्रो संस्कृतिको कुन कुरा परिवर्तनको बाधक बन्दैछ ?
- तपाईको जीवनको साँचो पश्चाताप के हुन सक्छ ? तपाईको जीवनशैली, सेवकाई अथवा अगुवापनमा कस्तो ठोस परिवर्तनको सुरूवातको आवश्यकता देख्नुहुन्छ ?

| आकस्मिक वृद्धि | देखि | उद्देश्यअनुरुप गूणात्मक वृद्धि |
|---|---|---|
| मेरो दर्शन र चाहना नै महत्वपूर्ण संख्यामा मानिसहरुलाई जित्ने र उनीहरुलाई विश्वासमा दह्रो बनाउनु हो । | गुणात्मक वृद्धिको दर्शन<br>१-२-३-४-५-६-७-८-९-१० | मेरो दर्शन नै बहुसंख्यक मानिसहरु खीष्टमा आउन् ताकि उनीहरुमा नेतृत्वको विकास र सशक्त बनाई जहाँकहिँ कार्यक्रमका शुरुवात र नेतृत्व गर्नसकुन् । |
| सेवकाईको सफलताको हेराईमा महत्वपूर्ण कुरा नै संख्यात्मक वृद्धि हो । | संख्यामा आर्कषण<br>१-२-३-४-५-६-७-८-९-१० | सानो संख्यामा गुणात्मक वृद्धि र अगुवाहरुको पुनःउत्पादनले दीर्घकालीन गुणात्मक संख्यामा वृद्धि हुन्छ । |
| जवान अगुवामा क्षमता विकासका लागि सिकाउन मसँग सीप, चाहना तथा समय छैन । म एकदम व्यस्त छु । | क्षमता विकास प्राथमिकता<br>१-२-३-४-५-६-७-८-९-१० | मेरो प्राथमिकता नै जवान अगुवाहरुको क्षमता विकासका लागि सिकाउनु हो किनकि यो नै दीर्घकालीन प्रभावकारिताको साँचो हो । |
| म मेरो वरदान अनुसार सेवकाई गर्दा साह्रै खुशी हुन्छु । म नयाँ अगुवाहरुको हातमा सेवकाई छोड्न सक्दिन । | सेवकाईको पूर्णता<br>१-२-३-४-५-६-७-८-९-१० | जवान अगुवाहरु फक्रेको देख्न म मेरा व्यक्तिगत परिपूर्णताहरुलाई बलिदान गर्दछु । |
| हाम्रो सेवकाई वृद्धि हुँदै जाँदा हामी बाइवल कलेज तथा सेमिनारीहरुमा तालीम प्राप्त गरेकाहरुलाई प्रयोग गर्दछौं । | नेतृत्व विकास<br>१-२-३-४-५-६-७-८-९-१० | हाम्रा मूल्य मान्यता बोक्ने अगुवाहरु बाइबल स्कूलहरुमा तयार हुदैनन् तसर्थ हामीलाई चाहिने अगुवाहरुलाई हामी आफैं तालीम दिन्छौं । |
| अगुवापन तालीम कार्यक्रमका माध्यमले हामी बाइब लीय ज्ञान र सेवकाईका सीप सिकाउन सक्छौं । | चरित्र रुपान्तरण<br>१-२-३-४-५-६-७-८-९-१० | इश्वरीय गुणलाई कुनै ढाँचामा ढाल्नु भनेको सँगसँगै सिकाउनु हो जो प्रभावकारी नेतृत्वको गुदी मानिन्छ । |
| हामीलाई धेरै अगुवाहरु चाहिन्छ तर म सेवकाईमा यति व्यस्त छु कि यसबारेमा केहि गर्न मसँग समय नै छैन । | उद्देश्यपूर्ण<br>१-२-३-४-५-६-७-८-९-१० | सेवकाईको वृद्धिको चावी भावी अगुवाहरु हुन् उनीहरुलाई म जानीबुझिकन मेरो जीवन खन्याउछु । |
| म प्रार्थनामा विश्वास गर्दछु तर यसलाई मेरो जीवनमा लागू गर्न मसँग समय, शक्ति र सीप छैन । | गुणात्मक संख्याको निम्ति प्रार्थना<br>१-२-३-४-५-६-७-८-९-१० | विश्वासको प्रार्थनाका उत्तरद्वारा नै परमेश्वरका ठूला काम भएका छन्, तसर्थ हाम्रो रणनीतिको चुरो भन्नु नै प्रार्थनामा परिचालन गर्नु हो । |
| तपाईको औसत अंक ⇨⇨ | औसत-------- | ⇨⇨ म यहाँबाट कहाँ जाने ? |

आफैंलाई नियालौं

- उद्देश्यअनुरुप गूणात्मक संख्यामा वृद्धिबाट पूर्ण परिवर्तनको लक्ष्यमा केन्द्रित रही तपाईको आफ्नै मूल्याकंनअनुसार परमेश्वरले तपाईलाई कुन क्षेत्रमा सुधार वा विकासका लागि बोलाउँदै हुनुहुन्छ ?
- अनुग्रहको सुसमाचारबाट टाढारहेकाहरुलाई ध्यानमा राखी यो विचार गर्नुहोस् कि तपाईले महशुस गरेका माथिको सुधारले कसरी पूर्ण परिवर्तनको लक्ष्यका अन्य क्षेत्रसँग मेल खान्छ ?
- के कुराले तपाईलाई आकस्मिक वृद्धिका कुरामा अड्काई राखेको छ ? के डर, विगतको अनुभव, कुनै तनाव वा दवाव ? हाम्रो संस्कृतिको कुन कुरा परिवर्तनको बाधक बन्दैछ ?
- तपाईको जीवनको साँचो पश्चाताप के हुन सक्छ ? तपाईको जीवनशैली, सेवकाई अथवा अगुवापनमा कस्तो ठोस परिवर्तनको सुरूवातको आवश्यकता देख्नुहुन्छ ?